**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ नोभेम्बर २०२४

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. महाराष्ट्र र झारखण्डमा विधानसभा चुनावका लागि प्रचारप्रसार तीव्र गतिमा भइरहेको छ| आज भाजपा नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदी लगायत विपक्षका नेता राहुल गान्धीले विभिन्न र्यल्लीमा भाग लिनु हुनेछ|

२. केन्द्रीय सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले सडक दुर्घटना र मृत्युलाई रोक्न देशमा सडक निर्माण गर्दा सुरक्षालाई उच्च प्राथमिकता दिनुपर्ने बताउनु भएको छ।

३. भारतका प्रधानन्यायाधीश डीवाई चन्द्रचुडले आइतबार औपचारिक रूपमा अवकाश लिनु हुनेछ|

४. अमेरिकी सरकारले राष्ट्रपति चुनावअघि डोनाल्ड ट्रम्पको हत्या गर्ने असफल इरानी षड्यन्त्रमा तीन जनाविरुद्ध आज अभियोग दर्ता गरेको छ।

५. चार खेलको टि-२० अन्तर्राष्ट्रिय क्रिकेट शृंखलाको पहिलो खेलमा भारतले दक्षिण अफ्रिकालाई ६१ रनले पराजित गरेको छ।

**महाराष्ट्र र झारखण्ड प्रचार**

महाराष्ट्र र झारखण्डमा विधानसभा चुनावका लागि प्रचारप्रसार तीव्र गतिमा भइरहेको छ र विभिन्न राजनीतिक दलका वरिष्ठ नेताहरूले आफ्ना उम्मेदवारहरूलाई समर्थन जुटाउन दुवै राज्यमा धेरै र्‍यालीहरू र रोड शोहरू आयोजना गरेका छन्| प्रधानमन्त्री तथा भाजपाका वरिष्ठ नेता नरेन्द्र मोदीले आज महाराष्ट्रको अकोला र नान्देडमा जनसभालाई सम्बोधन गर्नु हुनेछ। यस महिनाको २० तारिखमा महाराष्ट्रका सबै २८८ सिटमा मतदान हुनेछ। झारखण्डमा पहिलो चरणको चुनावी अभियान सकिन तीन दिन मात्रै बाँकी छ। केन्द्रीय गृहमन्त्री तथा बीजेपी नेता अमित शाहले झारखण्डको जमशेदपुरको छतरपुर, हजारीबाग र पोत्का विधानसभा क्षेत्रहरूमा जनसभाहरूलाई सम्बोधन गर्ने कार्यक्रम छ। उहाँले जमशेदपुर पश्चिम विधानसभा क्षेत्रमा रोड शो पनि गर्नु हुनेछ। अर्कोतर्फ, कांग्रेस नेता राहुल गान्धी धनबाद जिल्लाको बाघमारा विधानसभा क्षेत्र र पूर्वी सिंहभूम जिल्लाको जमशेदपुरमा चुनावी सभाहरूमा भाग लिनु हुनेछ। झारखण्ड मुक्ति मोर्चाका वरिष्ठ नेता र मुख्यमन्त्री हेमन्त सोरेनले राँची, खरसावान र मन्डर निर्वाचन क्षेत्रहरूमा धेरै सभाहरूलाई सम्बोधन गर्नु हुनेछ। RJD, AJSU र वाम दलका नेताहरूले पनि राज्यका विभिन्न भागहरूमा चुनावी सभाहरूलाई सम्बोधन गर्नेछन्| 81 सदस्यीय झारखण्ड विधानसभाको लागि यस महिनाको 13 र 20 मा दुई चरणमा चुनाव हुनेछ।

****** ० ******

**निर्वाचन क्षेत्र प्रोफ़ाइल**

निर्वाचन क्षेत्र प्रोफ़ाइलको हाम्रो श्रृंखलामा, आज महाराष्ट्रको बीड जिल्लाको  परली विधानसभा निर्वाचन क्षेत्रको बिवरण प्रस्तुत गरिरहेका छौ –

Byte

**असम उपचुनाव**

असममा हुने उपचुनावका लागि प्रचार चरममा पुगेको छ| यस महिनाको 13 तारीख पांच विधानसभा सीटमा हुने उपचुनावमा कुल 34 उम्मीदवार मैदानमा छ।  केंद्रीय मंत्री सर्बानंद सोनोवाल, एनडीएका धेरै मंत्री, सांसद अनि विधायक आफ्नो उम्मीदवारको प्रचारका लागि रैलिहरुमा भाग लिनु हुनेछ। प्रदेश कांग्रेस अध्यक्ष भूपेन कुमार बोरा अनि सांसद गौरव गोगोई पनि पार्टी उम्मीदवारका लागि प्रचार गरिरहनु भएको छ। हाम्रो संवाददाताले बताए अनुसार धोलाईमा 8 उम्मीदवार, सामागुरीमा 11 अनि सिडली सीटमा 3 उम्मीदवार मैदानमा छन्| कांग्रेस अनि एनडीएको सबै पांच सीटमा चुनाव लडिरहेको छ, त्यही एनडीएको तर्फबाट बीजेपीले तीन विधानसभा सीटमा अनि असम गण परिषद अनि यूपीपीएल ले एक-एक सीटमा उम्मीदवार खड़ा गरेको छ।

****** ० ******

**गडकरी-रायपुर**

केन्द्रीय सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले सडक दुर्घटना र मृत्युलाई रोक्न देशमा सडक निर्माण गर्दा सुरक्षालाई उच्च प्राथमिकता दिनुपर्ने बताउनु भएको छ। श्री गडकरीले हिजो साँझ छत्तीसगढको रायपुरमा भारतीय सडक कांग्रेसको ८३औँ वार्षिक सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। श्री गडकरीले सडक तथा अटोमोबाइल इन्जिनियरिङका क्षेत्रमा रहेका कमीकमजोरीलाई पूर्ति गर्ने प्रयास भइरहेको तर विस्तृत परियोजना प्रतिवेदन नहुँदा ठूलो समस्या भएको बताउनु भयो। अधिकारी र इन्जिनियरलाई औंल्याउँदै उहाँले विस्तृत परियोजना प्रतिवेदनलाई राम्ररी अध्ययन नगरी ठेक्का दिन नहुने निर्देश दिनु भयो। सडक इन्जिनियरिङको सुधारले दुर्घटना न्यूनीकरण र जीवन बचाउने उहाँको भनाइ थियो।भारतीय सडक कांग्रेसको चारदिने सम्मेलनमा दुई हजारभन्दा बढी विज्ञ, वैज्ञानिक, इन्जिनियर र अधिकारीहरू सहभागी छन्। यो सत्र नोभेम्बर 11 मा समापन हुनेछ। सो क्रममा सडक निर्माण र सडक सुरक्षाका विभिन्न विषयमा छलफल हुनेछ।

****** ० ******

**नड्डा-चिकित्सा उपकरण योजना**

केन्द्रीय रसायन र उर्वरक मन्त्री जगत प्रकाश नड्डाले हिज नयाँ दिल्लीमा चिकित्सा उपकरण उद्योगलाई बलियो बनाउन एउटा योजनाको शुभारम्भ गर्नुभयो। यस अवसरमा रसायन तथा उर्वरक राज्यमन्त्री अनुप्रिया पटेल र औषधि विभागका सचिव अरुणिश चावला पनि उपस्थित थिए। श्री नड्डाले यस अवसरमा भने कि यो योजना ठूलो परिवर्तनकारी कदम साबित हुनेछ। यसले भारतलाई यस क्षेत्रमा आत्मनिर्भर बनाउने उहाँको भनाइ छ।राज्यमन्त्री अनुप्रिया पटेलले भनिन् कि यस योजना अन्तर्गत चिकित्सा उद्योगका लागि महत्त्वपूर्ण सम्भावनाहरू छन्। सचिव अरुणिश चावलाले यस योजनामा 500 करोड रुपैयाँ खर्च हुने बताउनु भयो। उहाले यस योजनाले मेडिकल उपकरण क्लस्टरहरूलाई साझा सुविधा उपलब्ध गराउने र क्षमता अभिवृद्धि र सीप विकाससँगै आयात निर्भरता घटाउने अनि यसले चिकित्सा उपकरणको उत्पादनलाई पनि प्रोत्साहन मिल्ने छ भन्नु भयो।

****** ० ******

**विशेष रेलगाड़ि-बिहार**

बिहारमा छठ पूजापछि यात्रीहरुलाई आ आफ्नो गन्तव्य फर्काउनका लागि पूर्व मध्य रेलवेले आगामी 15 दिनमा 446 विशेष रेलगाड़ि चलाउने छ| आकाशवाणी समाचारसितको बातचीतमा मुख्य जनसंपर्क अधिकारी सरस्वती चंद्रले यस बर्ष अघिल्लो बर्षको तुलनामा अतिरिक्त रेलगाड़िहरु चलाइ रहेको जानकारी दिनु भयो|

****** ० ******

**CJI-विदाई**

भारतका प्रधानन्यायाधीश डीवाई चन्द्रचुडले आइतबार औपचारिक रूपमा अवकाश लिनु हुनेछ, उहाँको स्थानमा न्यायाधीश सञ्जीव खन्नालाई सर्वोच्च अदालतको सबैभन्दा वरिष्ठ न्यायाधीशको रूपमा नियुक्ति गरिने छ। कैयौं ऐतिहासिक फैसलाका लागि चर्चित न्यायाधीश चन्द्रचूडको आज अदालतमा अन्तिम दिन थियो।न्यायमूर्ति चंद्रचूड़ले सुनाउनु भएको केहि ऐतिहासिक फैसलामा अयोध्या भूमि विवाद, सहमतिमा समलैंगिक यौन संबंधलाई अपराधको श्रेणीदेखि बाहिर राख्न अनि अविवाहित महिलाहरुका लागि गर्भपातको अधिकार सामेल छ, जसले समाज अनि राजनीतिलाई आकार दिन मद्दत गर्यो। 2016 मा सुप्रीम कोर्टमा पदोन्नत भएपछि सीजेआई चंद्रचूड़ले 11 नवंबर, 2022 मा मुख्य न्यायाधीशको पद सम्हाल्नु भएको थियो। उहाँले सुप्रीम कोर्ट अनि बॉम्बे हाई कोर्टमा कानूनको अभ्यास गर्नु भएको थियो अनि मुंबई विश्वविद्यालयमा तुलनात्मक संवैधानिक कानूनको विजिटिंग प्रोफेसर हुनुहुन्थ्यो।

****** ० ******

**प्रमुख रक्षा अध्यक्ष -विरासत महोत्सव**

प्रमुख रक्षा अध्यक्ष जनरल अनिल चौहानले हिज नयाँ दिल्लीमा भारतीय सैन्य विरासत महोत्सवको दोस्रो वार्षिक संस्करणको उद्घाटन गर्नु भयो। दुइ दिने यस महोत्सवको उद्देश्य भारतको राष्ट्रीय सुरक्षा, विदेश नीति अनि सैन्य विरासतमा ध्यान केन्द्रित गर्न वैश्विक अनि भारतीय विचारहरु, निगमहरु, सरकार अनि निजी क्षेत्र, गैर-सरकारी संगठन तथा शैक्षिक संस्थानलाई मंच प्रदान गर्नु हो। यस अवसरमा जनरल चौहानले शौर्य गाथा परियोजनाको शुभारम्भ गर्नु भयो।

****** ० ******

**CBIC छुट**

केन्द्रीय अप्रत्यक्ष कर तथा सिमा बोर्ड - CBIC ले सीमा सुल्क कार्गो सेवा सामग्रीहरुलाई महत्त्वपूर्ण छुट दिएको छ। यसमा अब भण्डारण गरिएका सामानहरूको बीमाको लागि दस दिनको समय बाट घटाएर पाँच दिनमा र अधिकृत आर्थिक अपरेटर-अनुरूप CCSPs को लागि अनुमतिपत्र नवीकरण प्रक्रिया फिर्ता लिने समावेश छ। बित्त मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उक्त छुटले लागत र अनुपालनको भार घटाउने, निर्यात–आयात सञ्चालनमा सुधार र विश्वव्यापी व्यापार सहज हुने बताएको छ । यी छुटहरू लजिस्टिक पूर्वाधार, दक्षता र दिगो विकासलाई प्रवर्द्धन गर्न प्रधानमन्त्री गति शक्ति राष्ट्रिय मास्टर प्लानको लक्ष्य अनुरूप डिजाइन गरिएको हो।

****** ० ******

**ट्रम्प-हत्याको षडयन्त्र**

अमेरिकी सरकारले राष्ट्रपति चुनावअघि डोनाल्ड ट्रम्पको हत्या गर्ने असफल इरानी षड्यन्त्रमा तीन जनाविरुद्ध आज अभियोग दर्ता गरेको छ। न्याय विभागले आज डोनाल्ड ट्रम्पलाई मार्ने इरानी षड्यन्त्रको खुलासा गरेको छ। फरहाद शाकेरीलाई रिपब्लिकन राष्ट्रपति पदका उम्मेदवारलाई मार्ने योजना बनाएको आरोप छ। अमेरिकी सरकारले शकेरी इरानमा रहेको विश्वास गरेको बताएको छ भने अन्य दुई अमेरिकी नागरिक कार्लिसिल रिभेरा र जोनाथन लोडहोल्टलाई बिहीबार न्युयोर्कको ब्रुकलिन र स्टेटन आइल्याण्डबाट पक्राउ गरिएको छ।

****** ० ******

**इज़रायली फ़ुटबॉल प्रशंसकों पर हमला**

नीदरलैंडको, एम्स्टर्डममा डच टीम अजाक्स अनि मकाबी तेल अवीव बीच एक फुटबॉल मैचपछि इजरायली फुटबॉल प्रशंसकहरु माथि हमला गरिएको छ। डच अधिकारिहरुले बताए अनुसार, कम से कम पांचजनाको उपचार भइरहेको छ अनि घटनापछि 62 जनालाई पक्राउ गरिएको छ| इज़रायली फ़ुटबॉल प्रशंसकमाथि भएको हमललाई इज़रायलसहित पुरा यूरोपले निंदा गरेको छ। डच प्रधान मंत्री डिक शूफले भन्नुभएको छ, इजरायली नागरिकमाथि भएको हमलामा संग्लग्न अपराधिहरुको पहिचान गरिने अनि मुद्दा चलाईने बताउनुभएको छ| गाजामा युद्ध शुरू भएपछि यूरोपमा यहूदी विरोधी भाषण, बर्बरता अनि हिंसाको घटना बढिरहेको छ|

****** ० ******

**भारत दक्षिण अफ्रिका**

चार खेलको टि-२० अन्तर्राष्ट्रिय क्रिकेट शृंखलाको पहिलो खेलमा भारतले दक्षिण अफ्रिकालाई ६१ रनले पराजित गरेको छ । भारतले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर २०२ रन बनाएको थियो । भारतका लागि सञ्जु सामसनले ५० बलमा १०७ रन बनाए । जवाफमा दक्षिण अफ्रिकाको सम्पूर्ण टोली १८ औं ओभरमा १४१ रनमा आउट भयो । दक्षिण अफ्रिकाका लागि हेनरिक क्लासेनले २५ रन बनाए । भारतका लागि वरुण चक्रवर्ती र रवि बिश्नोईले ३–३ विकेट लिए ।खेलको प्लेयर अफ द म्याच सञ्जु सामसन घोषित भए । सिरिजको अर्को खेल भोलि केब्राहामा हुनेछ ।

****** ० ******